# सुख्खा हाडहरू

## टोनी अलामो

प्राचिन नीतिशास्त्र (बाइबल) का अनुसार, देवदूत इजकिएलले परमेश्वरबाट दिव्यदृष्टि प्राप्त गरे । दिव्यदृष्टि मार्फत इजकिएलले इजरायल र संसारका मानिसहरूका मरेका आत्माहरू झल्काउने एउटा धेरै सुख्खा हाडहरू भएको उपत्यका देखे । उक्त दिव्यदृष्यद्वारा येशु मानवको रूपमा पृथ्वीमा आउने कुराको भविष्यवाणी भयो । त्यस्तै उनले कसरी पापका कारणले पाउने नरकको अनन्त दुःखबाट आत्माहरूको उद्धार गर्न सकिन्छ भन्ने बारेमा उपदेश दिने कुरा पनि सो दिव्यदृष्यमा देखाइएको थियो । उनले मानिसहरूलाई उपदेश दिए कि येशुमा विश्वास गरेमा र "परमेश्वरको वचनको"[१] पालना गरेमा उनीहरूको आत्माको उद्धार भई मोक्ष प्राप्त गरी अनन्त जीवन पाउने छन् ।

परमेश्वरले इजकिएलसँग सोध्नुभयो, "हे मानवपुत्र ! के यी हाडहरू जीवित हुन सक्दछन् ?" (के यी पापबाट मरेका आत्माहरू फेरी जीवित हुन सक्दछन् ?) इजकिएलले भने, "हे विधाता ! हजुर आफै सृष्टिकर्ता, हजुरलाई सबै ज्ञान छ ।"[२] परमेश्वरबाट इजकिएललाई आज्ञा भयो, "यी हाडहरूलाई भन, 'हे सुख्खा हाडहरू हो ! परमप्रभुको वचन सुन ।' यी हाडहरूलाई परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ : 'म तिमीहरूमा सास हालिदिनेछु, र तिमीहरू जीवित हुनेछौ ।'"[३]

परमेश्वरको प्रिय राष्ट्रको रूपमा आफनो राष्ट्रको अस्तित्व समाप्त भइसकेको इजरायललाई राम्रोसँग ज्ञान थियो ।[४] आजको मितिसम्म पनि इजरायल परमेश्वरबाट पर रहेको छ। पुरानो इजरायलले पाप गर्न नछाडेका हुनाले परमेश्वरले उक्त इजरायल भन्दा महान राष्ट्रको स्थापना गर्ने कुरा इजकिएललाई भन्नु भएको थियो । यो नयाँ इजरायलमा संसारका सबै देशका मानिसहरू समावेश हुनेछन्[५] जसमा थोरै यहुदीहरू र धेरै गैर यहुदीहरू येशुद्वारा एकीकृत हुनेछन् ।[६] यो नयाँ पवित्र र महान राष्ट्र पापी जीवनको मृत्युबाट उद्धार भई मोक्ष प्राप्त गरी अनन्त जीवन प्राप्त गरेकाहरूबाट[७] बनेको हुनेछ । यो राष्ट्र परमेश्वरबाट कहिल्यै पर हुनेछैन । यो आत्माको उद्धार, मोक्ष र अनन्त जीवनको प्राप्ति येशुको शक्तिबाट मात्र सम्भव छ ।[८]

सन १९६४ मा येशुद्वारा मेरो आत्माको उद्धार हुनु पूर्व, म टोनी अलामो, एउटा पापी व्यक्ति थिएँ जसलाई परमेश्वरको अस्तित्व प्रति कुनै ज्ञान थिएन । बाइबल मेरा लागि पौराणिक वा दन्तेकथा सरह थियो । मानिसहरू परमेश्वर वा उनको छोरा येशु प्रति कसरी विश्वास गर्छन भन्ने कुरालाई मैले बुझ्नै सकेको थिइन । परमेश्वरमा विश्वास गर्छु भन्नेहरूलाई मैले विश्वास गरेको थिइन किनभने तिनीहरू मेरा लागि देखावटी ढोँग गर्नेहरू मात्र थिए । साथीभाई भएका हुनाले मलाई थाहा थियो कि तिनीहरूले म जत्तिकै वा म भन्दा बढी पाप गरेका थिए । हामीहरू सबै मृतक सुख्खा हाडहरूको समूह जस्तै थियौं । बाइबल मेरा लागि निरर्थक समय नाशक किताब थियो, त्यसैले मलाई येशुप्रति विश्वास गर्न कर गर्नेहरूसँग म रिसाउँदथेँ । त्यो बेलाको जीवनमा म सँग खेल खेल्ने वा दन्तेकथा सुन्ने समय नै थिएन ।

विज्ञापन व्यवशाय क्षेत्रमा म नम्बर एक मानिन्थे । विश्वविख्यात गायक तथा नायकहरूको सफलतामा मेरो प्रमुख भूमिका थियो । त्यसैगरी अनेकौं घरेलु सामानहरू लोकप्रिय बनाउनमा पनि मेरो योगदान थियो । येशु प्रति विश्वास गर्ने, बाटोमा गएर येशुद्वारा आत्माको उद्धार हुने बारेका पर्चा बाँड्ने, धर्मशालामा बसी सेवा गर्ने, येशुको बारेमा मानिसहरूलाई बताउने र भोका व्यक्तिहरूलाई खाना खुवाउने जस्ता काम मेरा लागि डरलाग्दा कल्पना सरह नै थिए ।

सन १९६० को दशकको मध्यतिर संसारको अवस्था त्यति राम्रो थिएन र म त्यो देख्न सक्थेँ । मलाई नशालु पदार्थहरू, शारीरिकरूपले फोहोरी तथा अनैतिक जीवनयापन गर्ने मानिसहरू मन पर्दैनथ्यो । संसारमा फैलिरहेको हिप्पी चलन र त्यसको हलिउडमा, सनसेट मार्गमा र सारा संसारमा परेको नकारात्मक असरदेखि पनि मलाई घृणा थियो । म आफू कुनै सन्त भने थिइन । बालबच्चायुक्त परिवारका सामुन्ने नगरे सम्म जोसुकैले जस्तो पाप गरे पनि मलाई केही मतलब थिएन । म देख्न सक्दथेँ कि संसार मृत, सुख्खा, घिनलाग्दो र निराशापूर्ण भएर समाप्त भइरहेको थियो ।[९] यो संसारमा कुनै

**१.** इजकिएल ३६:१, ४ **२.** इजकिएल ३७:३ **३.** इजकिएल ३७:४, ५ **४.** इजकिएल ३७:११ **५.** उत्पति १७:४-१६, २२:१८, २६:४, ४६:३, ४८:१९, ४९:१०, प्रस्थान १९:६, ३२:१०, १ पत्रुस २:९-१०, यूहन्ना ११:५१-५२, प्रेरित १०:३४-३५, एफिसी १:१०, प्रकाश ५:९, १४:६, हिबू ८:८-१२, भजनसंग्रह २२:२७, यशैया २:२, र धेरै बढी **६.** प्रकाश ७:४, रोमी ११:१७, १९, २३, २४, यूहन्ना १५:१ **७.** १ पत्रुस २:९

**८.** प्रकाश २०:५-६, कलस्सी २:१२, ३:१, रोमी १५:१२, १ कोरिन्थी १५:१५, १६, १ थेसलोनिकी ४:१६ **९.** मत्ती १३:३९, खण्ड २४, १ कोरिन्थी १५:२४, हिबू ९:२६, १ पत्रुस ४:७

कुराको केही मूल्य नै थिएन । मलाई लाग्दथ्यो कि संसारका अरू मानिसहरूलाई पनि मलाई जस्तै यी सब कुराहरूको ज्ञान थियो र त्यसैले उनीहरू नशालु पदार्थ सेवन गरी यो वास्तविकताबाट भाग्ने प्रयास गरिरहेका थिए । म चर्चहरू पनि देखावटी र ढोँगी भएको देख्न सक्दथेँ । मलाई लाग्दथ्यो अरू मानिसहरूले पनि यो देख्न सक्दथे । सारा संसारका मानिसहरूको आत्मा तिनीहरूका पापले गर्दा मृत अवस्थामा थिए ।[10] सम्पूर्ण संसार इजकिएलले दिव्यदृष्य मार्फत देखे जस्तै सुख्खा हाडले भरिएको एउटा विशाल उपत्यका जस्तै थियो ।[11]

मेरो येशुसँगको साक्षात्कार बेभरली हिलको एउटा अफिसमा असाधारण तरिकाबाट भयो । परमेश्वरले उहाँ र उहाँको छोराको अस्तित्व मेरो अगाडी नै साबित गरीदिंदा म कति भयभीत तर आनन्दमयी भएँ भन्ने कुरा शायदै कसैले कल्पना गर्न सक्छ होला । प्रभुको पवित्र आत्मा महसुस गर्दा र शक्तिशाली आवाज सुन्दा म रोमाञ्चित भएको थिएँ जब तिनीहरू मेरो शरीरमा समाहित भएर हरेक कण कणमा प्रवाहित भइरहेका थिए । उहाँको उपस्थिति तेजस्वी र सान्त्वना दिने थियो । परमेश्वरको शक्तिशाली हातले अँठ्याएको जस्तै उहाँको पवित्र आत्माले मलाई बलियोसँग च्यापेको थियो । अनि उहाँको आवाजले मलाई भन्यो, "उभिउ र यस कोठामा उपस्थित मानिसहरूलाई प्रभु येशु र उहाँको पृथ्वीमा आगमन (परमेश्वरको रूपमा स्वर्गबाट) को बारेमा बताउ नत्रभने तिमी अवश्य मर्ने छौ ।" परमेश्वरको पवित्र आत्मा सो अफिसमा प्रकट भई च्याप्दा मलाई उहाँको अपरम्पार बुद्धिमताको आभास भयो ।[12] उहाँ वास्तवमा प्रत्येक अणु एवं परमाणुमा हुनुहुन्थ्यो । उहाँ वायु हुनुहुन्थ्यो । उहाँलाई बिगतमा भएको र भविष्यमा हुने हरेक घटनाको जानकारी थियो ।[13] मैले बिगतमा गरेको हरेक कुराको बारेमा ज्ञान भएको देख्दा म आफै लज्जित थिएँ । अनि स्वर्ग र नरकको वास्तविक अस्तित्व मेरो अगाडी उहाँले झलक्कै देखाइदिनु भयो । उहाँको आज्ञापालन नगर्दा म कहाँ पुग्छु भन्ने पनि थाहा पाएँ र त्यो अवश्य पनि स्वर्ग थिएन ।

यद्यपि यो घटना मेरो लागि भयावह भएपनि[14] परमेश्वर वास्तविक र जीवन्त भएको जान्न पाउनु मेरा लागि अत्यन्त आनन्दमयी थियो। उहाँमा देवदुतहरू र येशुका शिष्यहरूले बाइबलमा लेखे जस्तै सम्पूर्ण गुणहरू थिए । उहाँमा कुनै परिवर्तन आएको थिएन । आज पनि उहाँ त्यस्तै हुनुहुन्छ जस्तो स्वर्ग, पृथ्वी र ब्रह्माण्डमा भएको सबै कुराको सृष्टि गर्ने बेला हुनुहुन्थ्यो ।[15] मैले तत्कालै थाहा पाएँ कि म उहाँको डर मान्ने छु र उहाँलाई सँधै प्रशंसा, सम्मान, माया र सेवा गर्नेछु । मैलै थाहा पाएँ कि म उहाँको लागि प्रसन्न भएर जीवन अर्पण गर्नेछु र परेको खण्डमा उहाँको निम्ति सताइन र मर्न पनि खुशीका साथ तयार हुनेछु ।[16]

परमेश्वरले मलाई त्यो अफिसबाट छुटकारा दिए पछि मैले उहाँलाई सोध्न थालेँ "तपाईं मैले के गरोस भन्ने चाहनुहुन्छ ? तपाईंको आज्ञा अनुसार म जे पनि गर्न तयार छु ।" तर मैले कुनै पनि जवाफ पाइन । त्यसैले उहाँले म चर्च जावोस भन्ने चाहनु भएको महसुस गरेँ । सबभन्दा ठूलो चर्चमा जाँदा बेस हुन्छ जस्तो लागेर मैले तेसै गरेँ तर मैले उहाँलाई पाउन सकिन । त्यसपछि म अरू चर्चहरूमा गएँ त्यहाँ पनि उहाँलाई पाउन सकिन । त्यसपछि मैले ती किताबहरू पढेँ जसको बाहिरी आवरणहरूमा लामा दाह्री भएका र धार्मिक लुगा लगाएका तथा बुद्धिमान र परमेश्वरको बारेमा जानेका जस्ता देखिने व्यक्तिहरूका तस्बिर थिए । ती किताबहरू सही थिएनन् भन्ने कुरा मलाई थाहा भयो किनभने ती किताबहरूमा परमेश्वरबाट डराउनु पर्दैन,[17] परमेश्वरले कसैलाई धम्की दिँदैनन र पाप गरे पनि नरकको अनन्त दुःख भोग्नु पर्दैन भन्ने कुराहरू लेखिएका थिए ।[18] मलाई त्यस्तो झूठा परमेश्वरसँग कुनै सरोकार थिएन । म त त्यो परमेश्वरलाई खोज्न इच्छित थिएँ जुन परमेश्वरले मलाई धम्काएका थिए,[19] त्यो परमेश्वर जसले मलाई स्वर्ग र नरक देखाएका थिए, त्यो परमेश्वर जसले मलाई कुनै मानिसले गराउन नसक्ने काम अर्थात् येशुको बारेमा मानिसहरूलाई भन्ने काम, जुन मैले कहिल्यै पनि गर्न चाहेको थिइन, गर्न बाध्य बनाएका थिए ।

मैले ईश्वरीय सत्यता बाइबलमा पाउन सकिन्छ भनेर कहिल्यै पनि सोचेको थिइन । किन कि बाइबल त जतातते सजिलै सँग पाइने किताब थियो । साधारण मानिसहरूले पढ्ने कुरा त्यति महत्वपूर्ण हुँदैनन् भन्ने मेरो सोचाई थियो किनभने धेरैजसो मानिसहरू मूर्ख हुन्छन् भन्ने कुरामा म बिश्वास गर्थे । अन्ततः मैले बाइबल पढ्न शुरु गरेँ । बाइबलमा मैले कसरी येशुद्वारा मेरो आत्माको उद्धार हुन सक्छ र मैले मोक्ष प्राप्त गरी अनन्त जीवन पाउन सक्छु भन्ने पत्ता लगाएँ । यसका अतिरिक्त मैले परिपक्व क्रिश्चियन कसरी हुने र मानिसहरूलाई येशुतर्फ कसरी डोऱ्याउने (ताकि येशुद्वारा उनीहरूको आत्माको उद्धार भई मोक्ष प्राप्त गर्न र अनन्त जीवन पाउन सकुन्) भन्ने बारेमा थाहा पाएँ ।[20]

जब मैले पहिलो पटक बाइबल पढन शुरु गरेँ, मलाई बेभर्ली हिलको अफिसमा प्रभुले भरपूर शक्तिले जकडेको जस्तो फेरि

**१०.** एफिसी २:१, ५, कलस्सी २:१३ **११.** इजकिएल ३७:१ **१२.** १ शमूएल २:३, गन्ती २४:१६, १ कोरिन्थी १:२५, २:१६, ३:१९, भजनसंग्रह ३२:८, अयूब २१:२२, हितोपदेश २:६, ३:२०, ९:१०, लूका १:७७, रोमी ११:३३, २ कोरिन्थी ४:६ **१३.** भजनसंग्रह ४४:२१, १ यूहन्ना ३:२०, १ कोरिन्थी ३:२०, भजनसंग्रह ९४:११, यशैया ४६:९-१०, प्रकाश २१:६, २२:१३ **१४.** २ कोरिन्थी ५:११, उत्पति ३५:५, यर्मिया ३२:२१, अयूब ३१:२३, लेवीहरू २६:१६, इजकिएल ३२:३२ **१५.** मलाकी ३:६, हिबू १३:८, उत्पति १:१, प्रेरित ४:२४

**१६.** भजनसंग्रह ५:११, ३५:१९, यूहन्ना १६:३३, रोमी १२:८, १५:१३, प्रेरित २:२८, २०:२४, यशैया ५१:११, ६१:१०, २ कोरिन्थी ८:१२ **१७.** उत्पति २२:१२, भजनसंग्रह ११२:१, हितोपदेश १३:१३, १४:१६, २८:१४, ३१:३०, उपदेशक ७:१८ **१८.** हितोपदेश ८:३६, इजकिएल १८:२, ४, प्रकाश १९:२०, २०:१०, १४, १५, २१:८ **१९.** उत्पति २:१७, ६:७, ९, १३, प्रस्थान २०:५, ३४:७, ३२:३३, मत्ती ८:१२, २२:१३, प्रकाश २०:१५, २:५, १६, २२-२३, ३:३, मर्कूस १६:१६, इजकिएल ३:१८, १८:२० **२०.** यूहन्ना ४:३५-३६, १५:५, ८, १५-१६, प्रकाश १४:१८

अनुभव भयो । तब परमेश्वरले मलाई स्वर्ग र नरकको अरू दृष्यहरू देखाउनु भयो ।[२१] म परमेश्वरसँग चिच्याएँ "होइन परमेश्वर, मलाई नरक नपठाउनुस" र त्यसपछि मैले स्वर्ग देखेँ र स्वर्गको शान्तिको अनुभव गरेँ ।[२२] मैले आफूलाई परमेश्वरको सामु अन्धो, नाङ्गो र सानो देखेँ । अनि मैले परमेश्वरसँग भनेँ यदि यो स्वर्गको शान्ति मैले सँधैका लागि महसुस गर्न पाए, म सँधै यसरी नै अन्धो, नाङ्गो र सानो भएर बस्न तयार छु । एकपटक फेरि मैले नरक देखेँ र परमेश्वरसँग दया र क्षमाका लागि चिच्याएँ । अनि मेरो शरीरमा परमपिता परमेश्वर, पुत्र येशु र पवित्र आत्माले प्रवेश गऱ्यो ।[२३] मेरो येशु प्रतिको विश्वास, उहाँले मेरो लागि बगाएको रगत र प्रभुको आज्ञा उपर मेरो विश्वास एवं आज्ञापालन गरेको परिणाम स्वरूप[२४] मैले गरेको प्रत्येक पाप मेरो आत्माबाट हटाईए ।[२५] तब मैले मेरो आत्मा शुद्ध र सफा भएको अनुभव गरेँ ।[२६] यो यस्तो अद्‌भुत घटना ममा येशु, "इजरायलको पवित्र परमेश्वर"[२७] द्वारा घटाइएको थियो । पापबाट मुक्ति र पाप गर्नबाट जोगिन सक्ने परमेश्वरीय शक्ति पाउँदा म निकै हर्षित थिएँ । त्यसैले म सारा संसारलाई यो कुरा भन्न चाहन्थेँ ताकि तिनीहरूले पनि प्रभुलाई चिनुन् र मोक्ष प्राप्त गरी अनन्त जीवन पाउन सकुन् ।

एकतीस वर्षभन्दा बढी प्रभुको सेवा पश्चात पनि प्रत्येक पटक जब म बाइबल पढ्छु, म अझै मेरो आत्मामा परमेश्वरले जीवन भरिदिएको अनुभव गर्दछु जसरी इजकिएलको दिव्यदृश्य मा परमेश्वरले सुख्खा हाडहरूलाई जीवन वरदान दिएका थिए । इजकिएलको दिव्यदृश्यमा परमेश्वरले हाडहरूमा छाला र मांसपेशी राखेजस्तै बाईबलमा परमेश्वरको वचनले मलाई शक्ति र रक्षा प्रदान गर्दछ । परमेश्वरका प्रत्येक शब्दले मेरो आत्मामा येशुलाई अझ गहनरूपमा पुऱ्याएका थिए । परमेश्वरले सुख्खाहाडहरूमा जीवन फुके जस्तै प्रभुका वचनले म भित्र पवित्र आत्मा फुकिदिए । यसले गर्दा मैले शक्ति पाएँ जसद्वारा मैले बर्षौं देखि भएको शैतानी आक्रमणहरूमा विजय प्राप्त गरेँ । प्रत्येक दिन म अझ बिश्वस्त हुन्छु कि परमप्रभु येशुमार्फत "हामीहरू सँधै विजयी छौं"[२८] र "हामीहरू उहाँको साथ पाएर पूर्ण भएका छौं ।"[२९] येशुका प्रत्येक वचनको पालना गर्नु कति महत्वपूर्ण छ भन्ने कुराको पनि मलाई राम्रोसंग ज्ञान छ । येशुले संसारबाट उठेर स्वर्ग प्रवेश गर्नु भन्दा केही क्षण अगाडि आफ्ना शिष्यहरूलाई भन्नु भयो, "तिमी सारा जगतमा जाउ र सारा मानिसहरू कसरी तिनीहरूले मद्वारा आफ्नो आत्माको उद्धार गराई मोक्ष र अनन्त जीवन प्राप्त गर्न सक्दछन् त्यो बताऊ ।"[३०] (सबै सुख्खा हाडहरू, अर्थात् सबै मानिसहरू जो पापले गर्दा आत्मिक रूपमा मृत छन, तिनीहरूलाई यी कुराहरू, जुन बाइबलमा लेखिएका छन् भन, ताकि तिनीहरूले "परमप्रभुका वचन" सुन्ने अवसर पाउन् ।[३१]) "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (र उसले नरकको अनन्त दुःख भोग्नु पर्नेछ) ।[३२]

यदि तिमी पनि म जस्तै हौ र नरकको सट्टा बरु उद्धार भएर मोक्ष प्राप्त गरी स्वर्ग जान चाहन्छौ भने परमप्रभुसँग यो प्रार्थना गर :

**मेरो परमप्रभु ! मेरो परमेश्वर ! मेरो पापी आत्मा माथि दया गर्नुहोस् ।[३३] म जीवित परमेश्वर को पुत्र येशु नै हुनुहुन्छ भन्ने कुरामा विश्वास गर्दछु ।[३४] म यो विश्वास गर्दछु कि मेरा सम्पूर्ण पापहरूको क्षमाको लागि उहाँ क्रुसमा मर्नु भयो र आफ्नो अनमोल रगत बगाउनु भयो ।[३५] पवित्र आत्माको शक्तिद्धारा परमेश्वरले येशुलाई मृत्युबाट ब्यूंझाउनु भयो भनी विश्वास गर्दछु[३६] र उहाँ यस समय परमेश्वरको दायाँ हात जस्तै हुनुहुन्छ र मेरो पापको स्वीकारोक्ति र प्रार्थना सुनिरहनु भएको छ ।[३७] हे परमप्रभु येशु ! मैले मेरो आत्माको ढोका खोली त्यस भित्र हजुर लाई आमन्त्रित गर्दछु ।[३८] मेरो सम्पूर्ण पापहरूलाई हजुरको त्यस बहुमूल्य रगतले धोई दिनुहोस, जुन रगत हजुरले मेरो लागि क्रुसमा बगाउनु भएको थियो ।[३९] हे परमप्रभु येशु ! मलाई खाली हात फर्काउनु हुने छैन, मेरा पापहरूलाई क्षमा गर्नु हुनेछ र मेरो आत्माको उद्धार गर्नु हुनेछ । मलाई थाहा छ, किनकि हजुरको पवित्र वचन, बाइबलमा यही लेखिएको छ ।[४०] बाइबलमा लेखिएको छ कि तपाईं कसैलाई खाली हात फर्काउनु हुन्न, जसमा म पनि सामेल छु ।[४१] त्यसकारण, मलाई थाहा छ, कि तपाईंले मेरो प्रार्थना सुन्नु भयो, मलाई थाहा छ कि तपाईंले जवाफ दिनुभयो र मलाई थाहा छ कि मेरो उद्धार भयो ।[४२] हे परमप्रभु येशु ! मेरो आत्माको उद्धारको लागि, म अब पाप नगरी हजुरको आज्ञापालन गरी धन्यवाद प्रकट गर्न चाहन्छु ।[४३]**

**२१.** प्रेरित ७:५५-५६, लूका १६:२२-३१, प्रकाश ४:१-११, १५:१-४, २१:२-५, १०-२७, २२:१-५, यशैया ५:१४, १४:९, प्रकाश १४:१०-११, २०:१० **२२.** रोमी ५:१, एफिसी २:१४, फिलिप्पी ४:७, कलस्सी ३:१५, १ थेसलोनिकी ५:२३, २ थेसलोनिकी ३:१६ **२३.** २ कोरिन्थी ६:१६, १ पत्रुस २:५, लेवीहरू २६:११-१२, यूहन्ना १४:१६, १ यूहन्ना ३:२४ **२४.** हबकूक २:४, मत्ती १७:२०, लूका ७:५०, प्रेरित २०:२१, २६:१८, रोमी १:१७, ३:२८, ५:२, १०:१७, ११:२०, गलाती २:१६, ३:११, एफिसी २:८, ३:१७, हिबू १०:३८ **२५.** मर्कूस १४:२४, यूहन्ना ६:५३, प्रेरित २०:२८, रोमी ३:२५, ५:९, एफिसी १:७, २:१३, कलस्सी १:१४, २०, हिबू ९:१२, १४, २२, १ पत्रुस १:१८-१९, प्रकाश १:५, ५:९ **२६.** १ यूहन्ना १:७, हिबू १०:१९-२२, प्रकाश १:५, ७:१४ **२७.** भजनसंग्रह ८९:१८, प्रेरित ३:१३-१४ **२८.** रोमी ८:३७, १ यूहन्ना ४:३-४ **२९.** कलस्सी २:१०

**३०.** मर्कूस १६:१५, लूका १४:२३ **३१.** इजकिएल ३७:४, २ राजाहरू २०:१६, यशैया १:१०, यर्मिया २:४ **३२.** मर्कूस १६:१६, २ थेसलोनिकी २:१२ **३३.** भजनसंग्रह ५१:५, रोमी ३:१०-१२, २३ **३४.** मत्ती २६:६३-६४, २७:५४, लूका १:३०-३३, यूहन्ना ९:३५-३७, रोमी १:३-४ **३५.** प्रेरित ४:१२, २०:२८, रोमी ३:२५, १ यूहन्ना १:७, प्रकाश ५:९ **३६.** भजनसंग्रह १६:९-१०, मत्ती २८:५-७, मर्कूस १६:९, १२, १४, यूहन्ना २:१९, २१, १०:१७-१८, ११:२५, प्रेरित २:२४, ३:१५, रोमी ८:११, १ कोरिन्थी १५:३-७ **३७.** लूका २२:६९, प्रेरित २:२५-३६, हिबू १०:१२-१३ **३८.** १ कोरिन्थी ३:१६, प्रकाश ३:२० **३९.** एफिसी २:१३-२२, हिबू ९:२२, १३:१२, २०-२१, १ यूहन्ना १:७, प्रकाश १:५, ७:१४ **४०.** मत्ती २६:२८, प्रेरित २:२१, ४:१२, एफिसी १:७, कलस्सी १:१४ **४१.** मत्ती २१:२२, यूहन्ना ६:३५, ३७-४०, रोमी १०:१३ **४२.** हिबू ११:६ **४३.** यूहन्ना ५:१४, ८:११, रोमी ६:४, १ कोरिन्थी १५:१०, प्रकाश ७:१४, २२:१४

अब तिम्रो उद्धार भएको छ र पापको क्षमा भएको छ, आफ्ना हातहरू माथि उठाई परमेश्वरको प्रसंशा गर । अब येशु पवित्र आत्माद्वारा तिमीमा बास गर्नु हुन्छ । साथै तिमीले आफूमा कसरी बढी ईश्वरीय स्वभाव पाउन सकिन्छ भन्ने जान्न सक्नेछौ । अब परमपिता पनि तिमीमा बास गर्नु हुन्छ । जति बढी परेश्वरको स्वभाब तिमीमा हुनेछ, प्रलोभन र पापका बिरुद्ध तिमी त्यति नै बढी विजयी हुनेछौ । प्रलोभन र पापले गर्दा लाखौं क्रिस्चियनहरूले आत्माको उद्धार र मोक्ष हुने स्थिति गुमाएका छन् । यस्तो त्यस बेला हुन्छ जव हामीमा ईश्वरीय स्वभाव भन्दा बढी मानवीय स्वभाव हुन्छ । मनुष्य जाति यति दुष्ट भयो कि यदि शैतान र उसका सेनालाई खतम् गरिदिए पनि हामी आफै आफ्नो शैतान भएर निस्कन्छौँ ।

अव तिम्रो उद्धार भएको छ, परमेश्वरको पवित्र आत्माद्वारा बप्तिस्माको लागि प्रार्थना गर । बाईबलको ध्यानपूर्वक अध्ययन गर अनि अझै बढी ईश्वरीय स्वभाबको लागि सँधै प्रार्थना गर । पवित्र आत्माद्वारा कसरी बप्तिस्मा ग्रहण गर्ने र कसरी बढी भन्दा बढी प्रभुको ईश्वरीय स्वभाव ग्रहण गर्ने भन्ने बारेमा जान्नको लागि हामीलाई लेख्नुहोस वा फोन गर्नुहोस किनभने पवित्रता विना कोही कसैले परमेश्वरलाई देख्न सक्दैन (हिब्रू १२:१४) ।

अब जब तपाईंको उद्धार भएको छ, परमप्रभुको तपाईंलाई आज्ञा छ कि पिता परमेश्वर, पुत्र येशु र पवित्र आत्माको नाममा पानीमा डुबुल्की लगाई बप्तिस्मा लिनुहोस् । परमेश्वरका सबै आज्ञाको पालना गरी अनन्त जीवन पाउनुहोस् ।

हामीसँग धेरै भाषाहरूमा विविध प्रकारका साहित्यहरू छन् । हाम्रो website www.alamoministries.com मा चर्च बारे सबै पढ्नुहोस र चर्चको संगीत सुन्नुहोस् ।

पूर्ण मन, आत्मा, र सामर्थ्यले प्रभुको सेवा गर्न चाहनेलाई अलामो क्रिश्चियन चर्चले खान बस्न का साथै अरू आवश्यक चिजको प्रबन्ध गर्दै आएको छ ।

बाइबल किन्ने सामर्थ्य नभएकालाई चर्चले निःशुल्क वितरण गर्दछ । पास्चर अलामोका अरू लेखहरू तलको ठेगानाबाट मगाउन सकिन्छ ।


**Tony Alamo, World Pastor**
**Holy Alamo Christian Church**
**P.O. Box 398**
**Alma, Arkansas 72921**
**USA**

**प्रार्थना र सूचनाको लागि चौविसै घन्टा सम्पर्क नम्बर :**
**फोन : (४७९) ७८२-७३७०**
**फ्याक्स : (४७९) ७८२-७४०६**


प्राचिन नीतिशास्त्र (बाइबल) मा ३३३ भन्दा बढी भविष्यवाणीद्वारा येशुको बारेमा प्रकाश पारिएको पास्चर अलामोद्धारा लिखित “मशिहा” (The Messiah) पुस्तकको बारेमा सोध्नु होला । यसका साथै क्यासेटमा रेकर्ड भएका सन्देशहरू पनि उपलब्ध छन ।

हामीले अरू देशमा बस्नेहरूलाई यी लेख संकलनहरूको आफ्नो मातृभाषामा अनुवाद गर्न प्रोत्साहन गर्दछौँ । यसको पुनर्प्रकाशन गरेमा तलको प्रतिलिपी अधिकार र दर्ताको जानकारी पनि दिनुहोला ।


© Copyright November, 1995 All rights reserved
World Pastor Alamo ® Registered November, 1995


**प्रत्येक बेलुकाको सेवा ८:०० बजे**
**र आइतबारको सेवा दिउँसो ३:०० बजे र बेलुका ८:०० बजे**
**देहायको ठेगानामा प्रार्थना सेवा सञ्चालित छ ।**

लस एन्जलस क्षेत्रमा :
13136 Sierra Hwy., Canyon Country, California 91390

आरकान्ससमा :
4401 Windsor Dr., Fort Smith, Arkansas 72904

यसका साथै एलिजाबेथ, न्यूजर्सी (Elizabeth, New Jersey) टेक्सारकाना, अर्कान्सास (Texarkana, Arkansas) भन्दा १५ मिनेट दक्षिण स्थित ग्रामीण इलाकामा पनि प्रार्थना सेवा संचालित छ । सेवा संचालित ठेगानाको बारेमा टेलिफोन गर्नुहोस् ।

**प्रत्येक सेवाको अन्तमा खानाको व्यवस्था गरिएको छ ।**

प्रत्येक दिन बेलुका ६:३० बजे र
आइतबार दिउँसो १:३० बजे र बेलुका ६:३० बजे
तलको स्थानबाट निःशुल्क दोहोरो यातायातको व्यवस्था छ ।
हलिउड मार्ग र हाईल्याण्ड एभेन्यूको चोक, हलिउड,
क्यालीफोर्निया
(Corner of Hollywood Blvd. & Highland Ave.,
Hollywood, California)

**येशु, परमेश्वरको वचन एक मात्र मार्ग, एक मात्र सत्य, र एक मात्र अनन्त जीवन हो ।[४४] परमेश्वरको वचन मात्र प्रयोग गरी यसलाई प्रस्तुत गर्ने काममा पास्चर अलामो संसार भरी नै प्रख्यात हुनुहुन्छ । यो लेखले आत्मा उद्धारको एक मात्र सत्यमार्गलाई निर्देशित गर्दछ ।[४५] यो लेखलाई नयाँक्नु होला, अरू कसैलाई पढ्न दिनुहोला ।**

यो लेखमा प्रयुक्त सन्दर्भ सामग्रीहरू बाईबलका निम्न संस्करणहरूबाट लिइएको हो । पवित्र बाईबल, नेपाली (परिबर्द्धित संस्करण), अरामेक बाईबल मौलिक संस्करण, हिब्रू बाईबल मौलिक संस्करण, राजा जेम्स संस्करणको अंग्रेजी रूपान्तर ।

(The Holy Alamo Christian Church is a division of Music Square Church, Inc.)

४४. यूहन्ना १४:६ ४५. प्रेरित ४:१२